## Meeting with NDRC






राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र चीन सरकारको National Development and Reform Commission (NDRC) का उपाध्यक्ष Cong Liang (छोङ्ग लियाङ्ग) बीच आज चीनको वेइजिङ्ग स्थित NDRC को कार्यालयमा भेटवार्ता भयो ।

उक्त भेटवार्ताका क्रममा योजना आयोग र NDRC का बीचमा सन् २०१८ र २०१९ मा भएका सम्झौताहरू अनुसारका कार्यक्रमहरूमध्ये सम्पन्न हुन बाँकी कार्यक्रहरूलाई दुत् गतिमा अगाडी वढाउने समझदारी भएको छ । त्यस क्रममा नेपाल र चीन सरकारको तर्फबाट गर्नुपर्ने कामका बारेमा विस्तृत रूपमा छलफल भएको थियो ।

नेपाल आगामी १६ औं योजना तर्जुमा गर्न गइरहेको सम्बन्धमा आगामी दिनमा चीनिया समकक्षी निकाय NDRC को अनुभव सेयर गर्ने र प्राविधिक सहयोग उपलब्ध गराउने विषयमा पनि छलफल भएको थियो ।

माननीय उपाध्यक्ष डा. श्रेष्ठले NDRC का उपाध्यक्ष Cong Liang लाई उपयुक्त समयमा नेपाल भ्रमण गर्न निमन्त्रणा दिनुभएको थियो ।

पहिले State Planning Commission को रूपमा रहेको यस चिनिया संस्था हाल NDRC को रूपमा चिनिन्छ। यसै आयोगद्वारा अगाडि बढाइएको Belt and Road Initiatives (BRI) हाल कार्यान्वयनको चरणमा रहेको छ ।